# किसान खेतमा, चुनावी पर्चा घरमा



■ सौर्य समाचार

चितवन । यतिबेला जिल्लाका किसान खेतखेतमा छन् । उनीहरू धान थन्क्याउन, खेत खनजोत गर्न र तरकारी लगाउनमा व्यस्त छन् । यही समयमा परेको निर्वाचनको किसानलाई चासो छैन । मत माग्न घरमा पुगेका उम्मेद्वार पर्चा घरमा छाडेर हिँड्ने गरेका छन् । कतिपय उम्मेद्वार खेतबारीमै पुग्ने गरेका छन् ।

भोट माग्न खेतमा पुगेका उम्मेद्वारलाई समय नमिलाएर निर्वाचन तोकेको भन्दै कतिपयले गालीसमेत गर्ने गरेका छन् । कतिपयले समयमा मल नपाएको गुनासो उम्मेद्वारलाई गर्ने गरेका छन् । चितवनको मध्य र पश्चिम क्षेत्रमा धान थन्क्याउने चटारो छ भने पूर्वी क्षेत्रमा धानपछिको बाली र तरकारी लगाउन किसान व्यस्त छन् ।

भरतपुरमहानगरपालिका-१५का चन्द्रप्रसाद अधिकारी यतिबेला खेतमा व्यस्त छन् । आफूले लगाएको चार बिघा १० कट्ठाको धान थन्क्याउने र नयाँबाली लगाउन उनलाई भ्याइनभ्याइ छ । अधिकारीले भने, 'चुनावको कुरा गर्ने फुर्सद पनि छैन ।' कुन उम्मेद्वारलाई भोट दिने भन्ने विषय खेतबारीमै चर्चा हुने गरेको छ ।

अर्मपर्म गरेर खेतीपाती थन्क्याउने क्रममा उम्मेद्वारका बारेमा छलफल हुने गरेको भए पनि धेरै किसानले उम्मेद्वार छान्न नभ्याएको अधिकारी बताउँछन् । निर्वाचनको मिति तोक्नेले किसानका लागि समय नमिलाएको उनको गुनासो छ । गुञ्जानगरका विष्णु ढकालले सबै खेतबारीमा भएकाले उम्मेद्वारले मतदाता भेट्न नसकेको बताए । उनले भने, 'खेतखेतमा पुग्न उम्मेद्वारलाई पनि गाह्रै भयो, किसानले पनि यो बेला काम नगरी हुँदैन ।'

गाउँका स्थानीय नेतासमेत किसान हुने भएकाले चुनावी प्रचारप्रसार र घरदैलोसमेत प्रभावित हुने गरेको छ । यस अघिका निर्वाचनमा ठूलो संख्यामा उपस्थिति देखिने गरेको भए पनि यतिबेला कम मात्रै मानिसको उपस्थिति रहने गरेको छ । ढकालले भने, ' यो त धान थन्क्याउने र बाली लगाउने बेला हो, किसानका लागि उपयुक्त समय होइन ।' केही अघि वा पछि गरिदिएको भए सजिलो हुने उनको सुझाव छ ।

माडी नगरपालिका-७ का नारायणप्रसाद काफ्ले यो खेती थन्क्याउने र लगाउने समय भएकाले निर्वाचनका बारेमा सोच्न नभ्याएको बताउँछन् । किसानहरू आफ्नै कामका कारण चुनावी कार्यक्रममा निस्किन नभ्याएको उनको भनाइ छ । काफ्लेले भने, 'धान थन्क्याउन र तोरी लगाउने चटारो छ, दुई/चार दिन अझै चुनावबारे सोच्ने फुर्सद छैन ।'

पूर्वी चितवनमा यतिबेला किसान तोरी र तरकारी लगाउन बढी व्यस्त छन् । भोट माग्न पुगेका उम्मेद्वारलाई उनीहरूले समयमा मल नपाएको भन्दै गुनासो गर्ने गरेका छन् । आउँदो वर्षबाट मलको अभाव नहुने गरी काम गर्न उनीहरूले सुझाव दिने गरेका छन् । घरदैलो अभियानमा कतिपयले मल नपाएको भन्दै आक्रोशित हुने गरेको स्थानीय पत्रकार होमनाथ सापकोटाले जानकारी दिए ।

मतदाता घरमा नभेटिएपछि उम्मेद्वारलाई पनि निकै कठिन हुने गरेको छ । केही दिनअघि भरतपुरमा पत्रकार सम्मेलनमा चितवन क्षेत्र नं ३ का उम्मेद्वार डा.भोजराज अधिकारीले किसान घरमा नभेटिँदा घरदैलो अभियानमा उपस्थिति सोचेजस्तो नभएको गुनासो गरेका थिए ।

उम्मेद्वारलाई प्रत्यक्ष रूपमा मतदाता भेट्न नपाउँदा सन्तुष्टि नमिल्ने गरेको बताए । कृषि ज्ञान केन्द्र भरतपुरका सूचना अधिकारी मीनबहादुर पुनले जिल्लामा यो समय धान थन्क्याउने र नयाँ बाली लगाउने बेला भएको बताए । किसानलाई सबै समय व्यस्त हुने भए पनि यो समय बढी नै मिहिनेत गर्नुपर्ने समय भएको उनले बताए । किसानले धान थन्क्याएपछि खेतमा जोतेर हिउँदे बाली लगाउने समय भएको उनको भनाइ छ ।

# मध्यवर्ती क्षेत्रका बासिन्दालाई सधैँ वन्यजन्तुकै त्रास

■ सौर्य समाचार

बाँके । बाँके निकुञ्ज मध्यवर्तीक्षेत्रमा बसोबास गर्दै आएका स्थानीयवासीले वन्यजन्तु समस्या समाधान गरिदिन अनुरोध गरेका छन् । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा निर्वाचन क्षेत्र नं १ को मध्यवर्तीक्षेत्रमा मत माग्न पुगेका उम्मेद्वारलाई स्थानीयवासीले वन्यजन्तु समस्याका कारण आफूहरूको जीउधन र खेतीबाली जोखिममा परेको गुनासो गरेका छन् ।

राप्ती सोनारी गाउँपालिका-८ बालापुरका बासिन्दा वसन्त वलीले वन्यजन्तुका कारण खेतीबाली राम्ररी स्याहार्न नपाएको गुनासो गरे । उनले वन्यजन्तु समस्या समाधान गर्न निकुञ्ज क्षेत्रमा तारबार लगाइदिन माग गरे ।

राप्ती सोनारी-१ कुसुमका स्थानीय शिक्षक भुवन खुनाले निर्वाचनका बेला नेताले आश्वासन दिए पनि जनताको काम नभएको गुनासो गरे । 'यसअघिका निर्वाचनमा पनि भोट माग्न आउनेले विभिन्न आश्वासन दिनुभएको थियो तर पाँच वर्षमा पनि कार्यान्वयन भएन', उनले भने । निर्वाचन प्रचारका क्रममा गाउँ टोलमा आउने बाँके क्षेत्र नं १ बाट प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उम्मेद्वार सबैसँग वन्यजन्तु समस्या समाधानका लागि वडा-९ का वडावासीले सामूहिक प्रतिबद्धता गरेको वडाध्यक्ष सोहनलाल थारूले बताए ।

'हाम्रो यो क्षेत्रबाट संघ र प्रदेशमा गरी ११ जना उम्मेद्वार रहनुभएको छ, सबैसँग वन्यजन्तु समस्या समाधानको लागि हामीले लिखित प्रतिबद्धता गरेका छौँ', वडाध्यक्ष थारूले भने, 'जसले जिते पनि वन्यजन्तु समस्या समाधान गराउन वडावासी एकजुट भएका छौँ ।' बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित राप्ती सोनारीको वडा-९ का गाउँबस्ती वन्यजन्तुबाट अतिप्रभावित छन् । वडा-९ को महादेवा, बुचापुर उडयन, पश्चिम-पूर्वा, हात्तीसारखैरी, खैरी गुरुवागाउँ, कौवाकाँडा, ढकेरीलगायतका टोल वन्यजन्तुबाट अतिप्रभावित रहेको वडाध्यक्ष थारूको भनाइ छ ।

राप्ती सोनारी-१ का लौकी, वर्दापुर, चप्परगौडी, बाघखोर, बाँदरभरिया, ओजखोला, बाँसखोली, कुसुम, रानीगजेरी, वैरिया, सौरी, जरुवा, गाभर र सिक्टा गाउँ वन्यजन्तुबाट अतिप्रभावित रहेका छन् । वन्यजन्तु समस्या प्रमुख समस्याका रूपमा रहेको वडाध्यक्ष यमबहादुर खड्काले बताए ।

वडा-८ को ओभरी र बालापुरका गाउँबस्ती वन्यजन्तुबाट अतिप्रभावित भएकाले निर्वाचन प्रचारमा आउने उम्मेद्वारसँग समस्या समाधानका लागि पहल गरिदिन मतदाताले आग्रह गर्ने गरेको वडा-८ का अध्यक्ष शालिकराम डाँगीले बताए । बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रमा कोहलपुर नगरपालिका-१२ र १३ का गाउँबस्ती रहेका छन् । भोट माग्दै हिँड्ने उम्मेद्वारलाई निकुञ्जको मध्यवर्ती क्षेत्रका मतदाताले भने वन्यजन्तुका समस्या समाधान गरिदिन अनुरोध गरेका छन् ।

बाँके क्षेत्र नं १ मा नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेद्वार सूर्य ढकालले निकुञ्जबाट निस्कने जनावरले प्रत्येक वर्ष धनजनको क्षति गर्ने गरेको भन्दै त्यसको दीर्घकालीन समाधानलाई आफूले प्राथमिकतामा राखेको बताए ।

उनले आफू निर्वाचित भएपछि जनताको आवश्यकता अनुसारकै काम गर्ने आश्वासन दिए । उम्मेद्वार ढकालले वन्यजन्तुबाट अतिप्रभावित निकुञ्ज वरिपरि वा मध्यवर्ती क्षेत्रमा बसोबास गरेका घरपरिवालाई एक घर २५ लाखको जीवन बिमा व्यवस्था गर्ने र एक गोठ पाँच लाख पशु बिमाको व्यवस्था गर्ने नीति बनाउन आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बाँके क्षेत्र नं. १ मा सत्ता गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र)का नेता युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज उम्मेद्वार बनेका छन् । यसअघि ०७४ सालको निर्वाचनमा यही क्षेत्रबाट विजयी भएका गहतराजले वन्यजन्तु समस्या समाधानका लागि आफूले विगतमा पनि पहल गरेको र अब पनि यो मुद्दालाई प्राथमिकतामा राखेको बताए ।

## बृन्दावन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बिश्रामपुर, रौतहट**

### साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र गैर सरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०७/२५)**

बृन्दावन नगरपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघ संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधीनमा रही आर्थिक वर्ष २०७९/०८० देखि शुरु हुने गरी बहुवर्षीय/सालबसाली रुपमा कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैर सरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आशय पत्र पेश गर्न सार्वजनिक खरीद नियमावली, २०६४ को नियम-७० बमोजिम आह्वान गरिएको छ । आशय पत्रको ढाँचा यस नगरपालिकाको वेवसाइट www.brindawanmun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघ संस्थाले तोकिएको ढाँचामा निःशुल्क रुपमा आशय पत्र निम्नानुसारको कागजात सहित सिलबन्दी रुपमा पेश गर्नुपर्ने छ । म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन ।

आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मूल्यांकन गरिनेछ ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. आशयपत्र पेश सम्बन्धी निवेदन ।
२. आशय पत्रको फारम (आवश्यक विवरण पूर्णरुपमा भरी) ।
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत ३ (तीन) वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) ।
४. स्थायी लेखा नम्बर ।
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धता पत्र ।
६. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाको विवरण (प्रोफाईल)
१०. विगत ७ (सात) वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत ४ (चार) वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण ।
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

## Paiyun Rural Municipality

**Office of the Rural Municipal Executive**

**Huwas, Parbat**

**Gandaki Province, Nepal**

### Invitation for Online Bids

**Date of First Publication: 2079/07/25 (11th Nov, 2022)**

1. Paiyun Rural Municipality, Huwas, Parbat invites electronic bids from Nepalese eligible bidders for the **Construction of Waste Management Project** under National Competitive Bidding procedures.
2. Paiyun Rural Municipality, Huwas, Parbat invites online bids only under e-procurement system from eligible bidders for the construction of project mentioned below under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures(1S1E).

| S.N | Contract Name | Brief Description of Works | Estimated Amount With VAT & PS (NRs.) | Bid Security Amount in (NRs) | Bid Security Validity Period | Cost of the Bidding Documents (NRs) | Remark |
|---|---|---|---|---|---|---|---|
| 1 | PRM/NCB/W/B/ PAR/03/2079-080 | Construction of Waste Management Project | 1,25,59,361.33 | 3,14,000.00 | 120 Days | 3000 | |

3. Eligible Bidders may obtain further information at the Paiyun Rural Municipality office Huwas, Parbat, Contact No: 067-411101, Email:*paiyungapa@gmail.com* or may visit PPMO e-GP system at *www.bolpatra.gov.np/egp*.
4. Bidding document is available **online only** and can be downloaded from e-GP system *http://www.bolpatra.gov.np/egp*. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder.
   ***Information to deposit the cost of bidding document in Bank:***
   **Name of the Bank:** Agriculture Development Bank, Huwas, Parbat
   **Name of Office**: Paiyun Rural Municipality Huwas, Parbat
   **Office Account No: For Bid Document**: (Ga.1.1) Internal Revenue Account (0318501508401076)
   **For Bid Security**: Ga.3.Local Level Deposit Account (0318501508401041)
5. The Pre-bid meeting shall be held at office of Rural Municipal Executive at **14:00 Hrs on 30th Nov, 2022 (2079/08/14)**
6. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 Hrs on 11th Dec, 2022 (2079/08/25).** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system *www.bolpatra.gov.np/egp*. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 Hrs on 11th Dec, 2022 (2079/08/25).** at Paiyun Rural Municipality Office, Huwas, Parbat.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever. Other mandatory
10. Matter not covered in this notice shall govern in accordance with Public Procurement Act 2063 (Amendment 2073) and Public Procurement Regulations, 2064 (Amendment 2076) and other prevailing rules and regulations of Government of Nepal (GoN).

**Chief Administrative Officer**